# एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

पो.ब.नं. २०६००, टोलफ्री नं. १६६०-०१-९९०९९, एनएलजी भवन, लाजिम्पाट, काठमाडौं, नेपाल

## व्यक्तिगत दुर्घटना लघु बीमालेख

(लघु बीमा निर्देशिका बमोजिम)

यस बीमालेखको अनुसूचीमा नाम उल्लिखित बीमीतले यस एनएलजी एन्स्योरेन्स कम्पनी लि. (यस पछि बीमक भनिएको) समक्ष बीमाको लागि लिखित प्रस्ताव (यस बीमालेखमा उल्लेख गरिएका शर्त, अपवाद, परिभाषा तथा अवस्था सम्मको अधिनमा रही कम्पनीले बीमितलाई देहायमा उल्लेख गरिए, बमोजिमको रकम भुक्तानी दिनेछ :

यदि यस बीमालेख वहाल रहेको अवधिभर कुनै पनि समयमा बीमितलाई कुनै प्रथम, बाहिरी तथा देख्न सकिने माध्यमबाट हुन गएको दुर्घटनाको एकमात्र वा प्रस्ताव कारणबाट कुनै शारीरिक क्षति हुन गएमा कम्पनीले बीमित वा निजले इच्छाएको व्यक्ति वा निजको नजिकको कानूनी हकदारलाई देहाय बमोजिमको सुविधाहरु यस बीमालेखको अनुसूचीमा उल्लिखित सुविधाहरुको अधिनमा रही देहाय बमोजिम भुक्तानी दिइनेछ :

| खण्ड | लाभको तालिका | |
|---|---|---|
| (क) | चोट पटक लागेको १८३ दिन भित्र बीमित व्यक्तिको मृत्यु भएमा | बीमाङ्क रकमको १०० प्रतिशत |
| (ख) | दुबै आँखाको दृश्य: शक्ति वा दुबै हातहरु वा दुबै खुट्टाहरुको पूर्ण र अपुरणीय क्षति भएमा | बीमाङ्क रकम १०० प्रतिशत । |
| (ग) | एउटा हात वा एउटा खुट्टा वा एउटा आँखाको दृश्य शक्तिको पूर्ण र अपुरणीय क्षति भएमा | बीमाङ्क रकमको ५० प्रतिशत |
| (घ) | स्थायी रुपमा आंशिक शरीर बिच्छेद वा अशक्तता भएमा सम्बन्धित चिकित्सकले निर्धारण गरेको अशक्तताको अवस्थाको आधारमा रकम भुक्तानी गरिनेछ । | |

**द्रष्टव्य:** माथि उल्लेखित खण्ड (ख) र (ग) को प्रयोजनको हकमा एक हात वा खुट्टाको भौतिक बिच्छेद (Physical Separaton) भन्नाले हातको हकमा नाडी वा सो भन्दा माथि र खुट्टाको हकमा गोली गाँठो (Ankle) वा सो भन्दा माथिको भागको बिच्छेद सम्झनु पर्दछ ।

(ङ) **औषधोपचार खर्च :** दुर्घटनाको कारण औषधोपचार गराउनु परेमा बीमाङ्क रकमको २५% मा नबढ्ने गरी बास्तविक र आवश्यक रुपले भएको औषधोपचार खर्च (दुर्घटनाको कारणबाट गर्नुपर्ने उपचार खर्च मात्र)

बीमितको उमेर : १६ वर्ष देखि ७० वर्षको

बीमाङ्क रकम : अधिकतम १,५०,०००/-

### अपवाद

देहायका अवस्थाहरुमा यस बीमालेख अन्तर्गत दाबी लाग्ने छैन :

(१) एक भन्दा बढी सुविधाहरुमा दावी परेको अवस्थामा बीमा दावी बीमाङ्क रकम भन्दा बढी हुने छैन ।
(२) जानी जानी आफै गराएको चोट, स्वघात, आत्महत्या वा आत्महत्यको प्रयास
(३) मादक पेय वा लागु पदार्थ वा लागु औषधि वा उन्मादक पदार्थ सेवनको कारणबाट हुन गएको चोटपटक वा रोग
(४) जोखिमपूर्ण खेलको कारणबाट हुन गएको चोटपटक वा रोग
(५) बीमितले अपराधिक मनसायबाट कुनै कानुन उल्लंघन गर्दा उत्पन्न भएको वा सो को परिणाम
(६) युद्ध, गृह युद्ध, सैनिक बिद्रोह, क्रान्ति, नागरिक उपद्रवको कारणबाट हुन गएको चोटपटक वा रोग
(७) प्रसुति वा गर्भधारणको कारणबाट हुनगएको मृत्यु वा अशक्तता
(८) आणविक हतियार, रेडियो धर्मिता आदिको कारणबाट हुन गएको चोटपटक वा रोग

### दाबी सम्बन्धी प्रक्रिया

बीमित आफैले वा बीमितका प्रतिनिधि वा सदस्य संस्था मार्फत देहायका कागजातहरु सहित यथासक्य छिटो बीमक वा बीमकका प्रतिनिधि समक्ष पेश गर्नु पर्नेछ:-

(१) सक्कल बीमालेख, (२) पूर्ण रुपले भरिएको दाबी फाराम, (३) पोष्टमार्टम रिपोर्ट (मृत्यु दाबीमा), (४) सम्बन्धित गा.पा./न.पा./वडाको सर्जमिन मुचुल्का, (५) पूर्ण/आशिंक क्षती भएको प्रमाण पत्र ।

**द्रष्टव्य:** बीमालेख अन्तर्गत कुनै घट्ना घटेमा बीमित आफैले वा बीमितका प्रतिनिधिले यथासक्य छिटो बीमक वा बीमकका प्रतिनिधि समक्ष टेलिफोनबाट जानकारी गराउनुपर्नेछ ।

(बीमकको सम्पर्क नम्बर)